# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फुडिङ्गढार, सिन्धुपाल्चोक

(प्रशासन शाखा)

बागमती प्रदेश

## सेवा करारमा पदपूर्ति सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति:२०८२।०८।०१)

यस सुनकोशी गाउँपालिका अन्तर्गतका सुनकोशी आधारभूत अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुमा देहाय बमोजिमको पद करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले व्यक्तिगत विवरण, आफूले प्राप्त गरेको नागरिकता, शैक्षिक योग्यता, तालिम र अनुभवका प्रमाणपत्रहरुमा उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रतिलिपिहरु संलग्न गरी प्रथम पटक सूचना प्रकाशित मितिले ७ दिन भित्र यस कार्यालयमा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ । रित नपुगेका र म्याद नाघी आएका दरखास्तलाई मान्यता दिइने छैन ।

**तपसिल:**

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| २/०८२/८३ | मेडिकल अधिकृत (आठौं) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS कोर्ष उत्तिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १५००/- |
| ३/०८२/८३ | स्टाफ नर्स (सहायक पाचौ) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स कोर्ष उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको । १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको । SBA तालिम प्राप्तलाई विशेष प्राथमिकता । | ७००/- |
| ४/०८२/८३ | अ.न.मी (सहायक चौथो) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्ष उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको । १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । SBA तालिम प्राप्तलाई विशेष प्राथमिकता । | ५००/- |
| ५/०८२/८३ | हलुका सवारी चालक | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तिर्ण गरेको । | ५००/- |

**१. कार्य शर्तको विवरण (TOR) :** गाउँ कार्यपालिकाको कार्यालयले तोकिदिए बमोजिम ।

**२. दरखास्त पेश गर्ने तरिका** : आवश्यक कागजपत्रहरु र तोकिएको शुल्क यस गाउँपालिकाको कार्यालयमा नगद बुझाएको रसिद वा लक्ष्मी बैंक लि. मा रहेको यस गाउँपालिकाको खाता नं ०२७०३००००१७ मा रकम जम्मा गरेको भौचर को सक्कल प्रति संलग्न गरी निर्धारित दरखास्त फाराम भरी दिन सकिने छ ।

**३. दरखास्त दिने अन्तिम मिति** : २०८२/०८/०८ गते कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन ।

**४. परीक्षा मिति :** सम्पर्क मितिमा प्रकाशित गरिने छ ।

**५. छनोटको किसिम :** करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ र पहिलो संशोधन २०७९ बमोजिम (लिखित र अन्तरवार्ता)। (हलुका सवारी चालकको हकमा प्रयोगात्मक र अन्तर्वार्ता)

६. आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख) न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

ग) अनुभव खुल्ने कागजात (हलुका सवारी चालकको हकमा हलुका सवारी चालक अनुमती पत्रको प्रतिलिपि)

घ) २ प्रति पासपोर्ट साईजको फोटो ।

*नोटः हलुका सवारी चालकले वडा नं ५ को देविस्थान स्वास्थ्यचौकीमा रही सेवा दिनुपर्नेछ । थप जानकारीका लागि सुनकोशी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। आवेदन फाराम www.sunkoshimunsindhupalchowk.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।*

**प्रमुख प्रशासकीय अधिकृत**

फोन नं. : (+९७७) -०११-४८२२०८

इमेल: sunkoshiruralmun@gmail.com बेवसाईटः https://www.sunkoshimunsindhupalchowk.gov.np

" सुन्दर सुनकोशी, समृद्ध सुनकोशी र सुखी सुनकोशी "